लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं.प्रदेश, नेपाल

# “लमही नगरपालिका क्षेत्रभित्र ईट्टा उद्योग संचालनको लागि सिफारिस गर्ने सम्वन्धि कार्यविधि, २०७५”

प्रमाणीकरण मितिः २०७५/०६/०५

Scanned by CamScanner

*"लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्वन्धि कार्यविधि, २०७५"*

*प्रमाणिकरण मिति : ०७५।६।५*

**प्रस्तावना**

लमही नगरपालिकाको क्षेत्र भित्र कुनै पनि व्यक्तिले ईट्टा उद्योग स्थापना गर्न लाग्दा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०३ बमोजिम सिफारिस गर्दा अपनाउनुपर्ने कार्य विधिलाई व्यवस्थित गर्नको लागि कार्यविधि वनाउनु पर्ने आवस्यकता भएकोले नेपालको संविधानको धारा ११८ बमोजिम लमही नगरपालिकाको **मिति २०७५/६/५ गतेको कार्यपालिकाको बैठक बाट स्विकृत** गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्य विधिको नाम **"लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्वन्धि कार्यविधि, २०७५"**

१.२ यो कार्यविधी लमही नगरपालिकाको कार्यपालिकाको बैठकवाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेका यस कार्यविधिमा,-

क) "नगरपालिका"भन्नाले लमही नगरपालिकालाई सम्झनु पर्नेछ ।

ख) "कार्यपालिका"भन्नाले लमही नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्नेछ ।

ग) "प्रमुख"भन्नाले लमहि नगरपालिकाका प्रमुखलाई जनाउने छ ।

घ) "वडाअध्यक्ष"भन्नाले लमही नगरपालिका अन्तरगत ईट्टा उद्योग स्थापना तथा संचालन गर्न खोजेको वडाको अध्यक्षलाई जनाउने छ ।

ङ) "वडा सचीव" भन्नाले ईट्टा उद्योग स्थापनागर्न खोजेको वडाको सचिवलाई जनाउने छ ।

च) "प्राविधिक" भन्नाले जुन विषयको जाचबुझ गर्ने हो, सो कामकाज गर्ने लमही नगरपालिकाको प्राविधिक कर्मचारीलाई जनाउने छ ।

छ) "अमिन" भन्नाले लमही नगरपालिकाको आमिन काम गर्ने कर्मचारीलाई सम्झनु पर्नेछ ।

०७५।६।५

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned by CamScanner

३. निवेदन दर्ता गर्ने :- यस नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्तिले ईट्टा उद्योग स्थापना गर्ने सिलसिलामा सम्वन्धित निकायमा सिफारिस गरी पाँउ भनि निवेदन दिन आएमा उक्त निवेदन दर्ता गर्नु पर्नेछ ।

४. निवेदन दस्तुर :- उद्योग स्थापनाको लागी सिफारिश गरिपाउँ भन्ने निवेदन दर्ता गर्दा निवेदन दस्तुर रु ५००। लाग्ने छ ।

५. सुचना प्रकाशन गर्ने - विवेदन प्राप्त भएपछि निवेदकले ईट्टा उद्योग स्थापना तथा संचालन गर्न खोजेको क्षेत्रको साँध सधियार तथा त्यस वरिपरिका मानिसहरुलाई वा त्यस क्षेत्रको वातावरणमा उक्त उद्योग स्थापनावाट कुनै प्रकारको हानी नोक्सानि पुग्न जाने भए सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको कार्यालयमा उजुरी दिनुहोला, अन्यथा निवेदकको माग वमोजिम उद्योग स्थापनाको लागि सिफारिस भैजाने व्यहोराको दावि विरोध गर्ने सम्वन्धमा सर्वसाधारणको जानकारीको लागि प्रमुख प्रशासकिय अधिकृतले सूचना प्रकाशन गर्नु पर्ने छ ।

६. दावि विरोध सम्वन्धमा जाचबुझ गर्ने :- उक्त म्याद भित्र कोहि कसैको दावि विरोध पर्न आएमा जाचबुझ गर्नको लागि नगरपालिकाका प्रमुखले सम्वन्धीत वडाका वडा अध्यक्षको अध्यक्ष्यतामा निम्न वमोजिमको जाचबुझ समिति गठन गर्ने ।

क) वडा अध्यक्ष – संयोजक

ख) सम्वन्धीत विषयको शाखा/फाटको प्रमुख – सदस्य

ग) विषयगत जानकारी भएको कुनै कर्मचारी – सदस्य

घ) प्राविधिक कर्मचारी – सदस्य

ङ) सम्वन्धित वडाको सचिव – सदस्य सचिव

७.जाचबुझ गरी प्रतिवेदन पेस गर्ने :- जाचबुझ समितिले समिति गठन भएको ७ दिने भित्र दाविविरोध समवन्धी विषयमा दावी विरोधकर्ता समेतलाई उपस्थित हुन सूचना दिई निजको उपस्थितिमा सवै कुराको जाचबुझ गरी नगरपालिकामा प्रतिवेदन पेस गर्ने । तर सूचना दिँदा पनि दावि विरोधकर्ता उपास्थित नभएमा जाचबुझ समितिलाई जाचबुझ गर्ने कार्यमा कुनै वाधा पर्ने छैन ।

८. दावी विरोध नपरेमा : सार्वजनिक सूचना प्रकाशन गर्दा कोहि कसैको दावि विरोध पर्न नआएमा पनि उक्त उद्योग स्थापनावाट वातावरणमा कुनै असर पर्छ पर्दैन र सम्वन्धित स्थानमा उद्योग स्थापना गर्न दिन नगरपालिकाको नीति नियम प्रतिकुल हुन्छ हुदैन, सार्वजनिक सम्पत्तीमा कुनै असर पर्दछ, पर्दैन भन्ने विषयमा समेत मध्यनजर गर्दै उक्त उद्योग स्थापना गर्न दिन उपयूक्त हुन्छ हुदैन सो सम्बन्धमा कारण खोली राय सुझाव पेस गर्न नगरपालिकाका प्रमुखले निम्न बमोजिमको छानविन समिति गठन गर्ने ।

Scanned by CamScanner

क) सम्वन्धीत वडाको वडा अध्यक्ष – संयोजक

ख) वातावरण विभागको प्रमुख – सदस्य

ग) प्राविधिक (अमिन) १जना – सदस्य

घ) सम्वन्धीत वडाको सचीव – सदस्य सचीव

९. छानविन समितिले प्रतिवेदन पेस गर्ने :– छानविन समितिले समिति गठन भएको ७ दिनभित्र विस्तृत अध्ययन गरि आफ्नो प्रतिवेदन पेस गर्नुपर्नेछ ।

१०. कागज (कवुलियत) गराउन पर्ने - निवेदकलाई ईट्टा उद्योग स्थापना हुनु अघि वा पछि नगरपालिकाले दिएको आवस्यक निर्देशन पालन गर्नेछु र संघिय सरकार, प्रदेशस सरकार र यस नगरपालिकाले तोकेको मापदाण्ड पुरा गर्नेछु । साथै उद्योगवाट निस्किने फोहर व्यवस्थापन तोकेको मापदण्ड पुरा गर्नेछु । नगरे नगरपालिका वा सम्वन्धीत सरकारी निकायले उद्योग बन्द गरिदिएमा वा दण्ड जरिवाना गरेमा सँहुला बुझाउँला भन्ने व्यहोराको कबुलियत गराएर मात्र कार्यपालिकाको बैठकमा प्रस्ताव पेस गर्ने ।

११.लगत पेश गर्नुपर्ने :-उद्योगवाट उत्पादित निकासी गर्नुपर्ने वस्तुको लगत नगरपालिकामा पेश गर्नु पर्ने छ ।

१२.स्विकृति लिनुपर्ने :-उद्योगबाट उत्पादित वस्तु नगर वाहिर निकासी गर्नुपर्दा नगरपालिकावाट स्विकृति लिनुपर्ने छ ।

१३.संघीय कानुन/प्रदेश कानुन तथा नियम वमोजिम तोकिएको मापदण्ड पुरा नगरेमा वा वातावरणमा पर्न जाने प्रतिकुल असरलाई सुधार गर्ने कार्य जुनसुकै वेला ईट्टा उद्योग स्थापना गर्ने व्यक्तिले पुरा गर्नु पर्ने छ ।

१४.कार्यान्वयन गराउने :– कार्यपालिकाको बैठकको निर्णय अनुसार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम निर्णय कार्यान्वयन गर्ने गराउने छ ।

१५.सिफारिस गर्ने :– कार्यपालिकाको बैठकको निर्णय अनुसार स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०३ बमोजिम सम्वन्धीत निकायमा प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गर्ने गराउने छ ।

१६.यसै कार्यविधि अनुसार हुने :- नगरपालिका क्षेत्र भित्र उद्योग स्थापनाको लागि सिफारिस गर्दा गराउँदा यसै कार्यविधिमा लेखीए वमोजिम हुनेछ । नलेखिएको कुरामा प्रचलित ऐन नियम तथा संघिय सरकार तथा प्रदेश सरकारको निर्देशन वमोजिम हुने छ ।

१७. खारेजी र बचाउ : यस अघि सिफारिस गरिएका सम्पूर्ण काम कारवाहि यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

कुल बहादुर खत्री

नगर प्रमुख

Scanned by CamScanner